# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ३ संख्या ३ मिति २०७६ मसिर २० गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

परियोजना सल्लहाकार समितिको कार्य सचाँलन निर्देशिका २०७६

## १. पृष्ठभूमीः

सिविएम नेपालको साझेदारीमा **समुदायमा आधारित समावेशी विकास (Community Based Inclusive Development): सबैका लागि समावेशी समुदाय परियोजना** काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको समावेशी, सक्षम तथा दिगो बिकास गरि गुणस्तरीय जिवनमा सुधार ल्याउन योगदान पुऱ्याउने उद्देश्यका साथ **भुम्लु गाउँपालिका तथा स्रोत व्यवस्थापन तथा ग्रामिण सशक्तिकरण केन्द्र (रिमरेक)** र **अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र** विच त्रिपक्षिय समझदारी पत्रमा समेत हस्ताक्षर भई संचालन भईरहेको छ। यो परियोजनाले गाउँपालिकामा शिक्षा, स्वास्थ्य, जीविकोपार्जन तथा प्रकोप जोखिम न्युनिकरण सम्बन्धि अपाङ्गता समावेशी नीति निर्माण गरी अपाङ्गता भएका व्यक्तिहरुको समावेशी शिक्षा, स्वास्थ्य, जीविकोपार्जन र प्रकोप जोखिम न्युनिकरणको क्षेत्रमा परिवर्तन ल्याउन गाउँपालिकामा कार्यरत कर्मचारी, जनप्रतिनिधिहरु तथा विभिन्न सरोकारवालहरुको क्षमता विकास समेत गरिने छ । अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास गरी स्थानीय सरकारको नीति निर्माण, अन्य सामाजिक, आर्थिक तथा पूर्वाधार विकास तथा व्यवस्थापन समितिहरुमा सहभागिताको सुनिश्चिता गर्ने, हरेक योजना तथा विकासलाई अपाङ्गता समावेशी बनाउने साथै गाउँपालिकाको सम्पूर्ण वडामा अपाङ्गता प्रकोप जोखिक न्युनिकरण सम्बन्धि योजना बनाई कार्यान्वयनमा ल्याउने र मौजुदा सेवा प्रवाह तथा विकासमा समावेशी सिद्धान्तको अवलम्बन गरि समावेशी समुदायको निर्माण गरिने छ र सोको लागि कार्यक्रमले गाउँपालिकामा हाल भईरहेको अपाङ्गता समावेशी विकासलाई थप प्रभावकारी बनाँउन तथा सो सँग सम्बन्धित अन्य विभिन्न कार्य संचालन गरि गाउँको संस्थागत विकास, जनशक्ति विकास, नीतिनियम निर्माण तथा परिमार्जन गरि अपाङ्गता समावेशी गाउँको रुपमा विकासका गर्न कार्यक्रमहरु संचालन भईरहेको छ।

परियोजनालाई ब्यवस्थित तथा प्रभावकारी कार्यान्वयन, लक्षित समुदायको आवश्यकता तथा प्राथमीकता, कार्यक्रम, प्रभावकारीताको अनुगमन, नितिगत निर्णय

तथा आवश्यक वित्तिय ब्यवस्थानको लागि स्थानिय सरकार संग सहकार्यका लागि परियोजना सल्लाहाकार समितिको गठनका गर्ने यो निर्देशिका तयार गरिएको छ। यो निर्देशिका कार्यपालिकाको बैठकबाट अनुमोदन भए पश्चात कार्यन्वयनमा आउने छ।

## २. उद्देश्यः

परियोजना सल्लाहकार समिति गठनको मुख्य उद्देश्य निम्नानुसार रहेको छ ।

- परियोजना संचालनको लागि आवश्यकता अनुसार बैठक बसी निर्णय गर्ने ।
- परियोजनाको प्रभावकारीता सम्बन्धि अनुगमन गर्ने ।
- नियमित रुपमा कार्यक्रमको समिक्षा गर्ने, परियोजना संचालनमा देखिएका अवसर, चुनौति तथा समस्याको बारेमा छलफल गरि पृष्ठपोषण प्रदान गर्ने ।
- योजना तर्जुममा तथा अपांगताको क्षेत्रमा बजेट विनियोजन र कार्यान्वयनमा सहजिकरण गर्ने ।
- साझेदार संस्थाहरु संग समन्वय गर्ने र आवश्यकतानुसार प्राविधिक तथा आर्थिक सहयोगको वातावरण तयार गर्ने ।
- आवश्यक अन्य कार्य गर्ने ।

## ३. परियोजना सल्लाहकार समितिका गठनः

पालिकास्तरमा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिमको परियोजना सल्लाहकार समितिको गठन हुनेछ :

संयोजक : गाउँपालिका अध्यक्ष वा निजले तोकेको एकजना प्रतिनिधि ।

सदस्य : प्रमुख प्रसाशकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी

सदस्य : गाउँपालिका स्तरिय अपांगता समन्वय समितिको संयोजक वा निजले तोकेको प्रतिनिधि

सदस्य : प्रमुख, कृषि विकास शाखा

सदस्य : प्रमुख, पशुसेवा शाखा

सदस्य : सामाजिक विकास शाखा

सदस्यः गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघको प्रतिनिधि

सदस्य : अपांगता भएका ब्यक्तिहरु मध्येबाट २ जना महिला र १ जना पुरुष ।

सदस्यः अपांगताको क्षेत्रमा क्रियाशिल संस्थाहरु मध्ये बाट गाउँ पालिकाले छनौट गरेको संस्थाको प्रतिनिधि ।

सदस्य सचिवः प्रमुख, महिला तथा बालबालिका शाखा

**४) परियोजना सल्लाहकार समिति बैठकः**

परियोजना सल्लाहकार समितिको बैठक संयोजकको अध्यक्षतामा त्रैयमाशीक रुपमा बस्ने छ । संयोजकले आवश्यक ठानेमा आवश्यकता अनुसार अन्य समयमा पनि बस्न सक्नेछ ।

**५. परियोजना सल्लाहकार समितिको काम, कर्तव्य र अधिकारः**

क) परियोजनाको प्रगति सम्बन्धमा तयार भएका प्रतिवेदनहरूलाई नियमित बैठकहरूमा छलफल गराउने तथा देखिएका कमिकमजोरी सुधारका लागि निर्देशन दिने;

ख) अपांगताको विकासका क्षेत्रमा कार्य गर्ने सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका सङ्घसंस्थाहरू र अन्य विकास साझेदारहरूसँग कार्यगत सम्बन्ध स्थापित गरी अनुकुल वातावरण तयार गर्ने;

ग) अपांगता समावेशी विकाससम्बन्धी गिाउँस्तरीय योजना तर्जुमा गराई गाउँ परिषदबाट स्वीकृत गराउने;

घ) स्वीकृत योजनालाई कार्यान्वयन गर्न कार्ययोजना स्वीकृत गर्ने;

ङ) स्वीकृत कार्ययोजना कार्यान्वयन गर्नका लागि साधन श्रोत जुटाउने;

च) संस्थाहरूले सम्झौता बमोजिमको कार्य गरे गाउँको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने;

छ) अपांगताको क्षेत्रमा भएका कामहरूको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी निर्देशन तथा सुझाव दिने;

ज) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने कार्यान्वयन तहका बाधाअड्चन फुकाउने तथा नीतिगत बाधाअड्चन फुकाउका लागि गाउँपालिकामा सिफारिस गर्ने ।

## ६. गाउँपालिकाको भूमिका तथा दायित्वः

यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा गाउँपालिकाको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः

क) गाउँपालिका स्तरमा अपांगता सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने साथै अपांगताको विकास सम्बन्धी गाउँस्तरीय योजना स्वीकृत गर्ने;

ख) स्वीकृत योजनालाई कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको सुनिश्चितता गर्ने;

ग) गाउँपालिका स्थित अपांगता विकासका क्षेत्रमा कार्य गर्ने सरकारी, गैर सरकारी, विकास साझेदार तथा निजिक्षेत्रका सङ्घसंस्थाहरूसँग समन्वय गर्ने;

घ) अपांगताको क्षेत्रमा भएका कामहरूको नियमित अनुगमन, निरीक्षण गरि परियोजना सल्लाहकार समितिलाई निर्देशन तथा सुझाव दिने;

ङ) अपांगता भएका व्यक्तिहरुको लागि आवश्यक वित्तीय सुविधा उपलब्ध गराउन गाउँस्थित वित्तीय संस्थाहरूसँग समन्वय गर्ने;

च) अपांगताको हकहित र विकास कार्यक्रमसँग सम्बन्धित नीतिगत विषयमा आवश्यकतानुसार कार्यपालिकामा सिफारिस गर्ने;

छ) अपांगता भएका व्यक्तिहरुको विकासका लागि स्थानीय स्रोत साधनको परिचालन गर्न आवश्यक सहजिकरण गर्ने;

ज) विज्ञहरू मार्फत् परियोजना सल्लाहकार समितिलाई आवश्यक परामर्श, सल्लाह र सुझाव दिने;

झ) अपांगताको क्षेत्रमा सेवा प्रवाहको लागि हेल्पडेक्सको स्थापना गरी आवश्यक पोकल पर्शन तोक्ने ।

ञ) गाउँपालिकाले उपलब्ध गराउने सेवा तथा कार्यक्रमलाई अपांग समावेशी बनाउने ।

ट) अन्य आवश्यक कार्य गर्ने ।

## ७. संस्थाहरूको भूमिका तथा दायित्व :

यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा अपांगताको क्षेत्रमा सेवा प्रदायक संस्थाहरूको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः

क) अपांगताको क्षेत्रमा सेवा प्रदान गर्ने सन्दर्भमा गुणस्तरीयता, पारदर्शिता, विश्सनीयता कायम गर्ने ।

ख) परियोजना संचालन गर्दा भएगरेका प्रगति, सूचना र जानकारीहरू गाउँपालिकालाई उपलब्ध गराउने

घ) सम्बन्धित निकायहरू (गाउँपालिका/वडाकार्यालय) सँग प्रत्यक्ष सम्पर्क र समन्वय कायम गरी कार्यान्वयन गर्ने ।

ङ) नियमित रुपमका कार्यक्रमको अनुगमन गराउने तथा परियोजना सल्लाहकार समितिको बैठकको आयोजना गर्ने साथै कार्यप्रगति वारे समिक्षा गर्ने ।

च) गाउँपालिका बाट प्राप्त सुझाव तथा निर्देशनलाई पालना गर्ने ।

च) अन्य आवश्यक कार्य गर्ने ।

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**